कार्यालय कोड ३०१००७७०६७

# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी,कैलाली

पत्र संख्या :- ०७८/०७९
चलानी नं. :- ११०

मिति :- २०७८।०६।१०

विषय :- **निर्णय कार्यान्वयन सम्वन्धमा ।**

**श्री स्थानीय तह सवै**
**सुदूरपश्चिम प्रदेश ।**

प्रस्तुत विषयमा साविक स्थानिय तहका कर्मचारीहरुको स्तरवृद्धि/ग्रेडवृद्धि एवं बढुवा सम्वन्धमा यस आयोगमा पर्न आएका गुनासो/निवेदन सम्वन्धमा "सुदुरपश्चिम प्रदेशका कतिपय स्थानिय तहहरुले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन, २०७५, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को व्यवस्थालाई गम्भीरतापूर्वक नलिई, नजरअन्दाज गरी यी प्रचलित कानूनको विपरित हुने गरी स्थानीय तहका कर्मचारीहरुको कानून बनाएर कर्मचारीको पदपूर्ति, बढुवा, स्तरवृद्धि लगायतका कार्यहरु भईरहेको भन्ने लिखित तथा मौखिक रुपमा निवेदन/गुनासाहरु आईरहेकोले प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ ।

स्थानीय तहहरुमा कर्मचारीहरुको पदपूर्ति, बढुवा, स्तरवृद्धि लगायत कर्मचारी व्यवस्थापन सम्वन्धी कार्य गर्दा निश्चित कानूनी आधार र मापदण्ड अवलम्वन गर्नु पर्ने हुन्छ । सो को लागि नेपालको संविधानको धारा २२६ को उपधारा (१) र (२) , धारा २२७, धारा २८५ को उपधारा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ तथा दफा ८६ को उपदफा (१), (२) र (३), कर्मचारी समायोजन ऐन, २०७५ का दफाहरु क्रमशः ( ३), (९), (१२), (१४), (१५) र (२९) को संवैधानिक तथा कानूनी व्यवस्थाका साथै प्रदेश लोक सेवा आयोग ( आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा १० र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ को उपदफा (३) र (४) मा उल्लेखित कानूनी प्रावधानहरुले स्थानीय तहले स्थानीय सेवाको पदमा कर्मचारीको सेवा, शर्त सम्वन्धी कानून बनाउदा, स्थानीय तहमा कार्यरत कर्मचारीहरुको पदपूर्ति, बढुवा, लगायतका कार्यहरु गर्दा स्पष्ट कानूनी आधार तथा मार्गदर्शन गरेको छ ।

माथि उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्थालाई गम्भीरतापूर्वक नलिई, नजरअन्दाज गरी सो को प्रतिकुल हुनेगरी स्थानीय सेवाको पदमा कार्यरत कर्मचारीहरुको सेवा, शर्त, सुविधा सम्वन्धी कानून बनाउनु ,पदपूर्ति, बढुवा लगायतका काम कारबाही गर्नु प्रचलित कानून विपरित हुन जान्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ञ) मा " गाउँपालिका वा नगरपालिकाको प्रशासकीय तथा

आर्थिक नियन्त्रण गर्ने" काम, कर्तव्य र अधिकार गाउँपालिका वा नगरपालिका प्रमुख प्रशासकीय अधिकृतको हुनेछ भनि स्पष्टसँग उल्लेख भएको विद्यमान अवस्थामा प्रशासकीय रुपमा खटिनु भएका प्रमुख प्रशासकीय अधिकृतले आफु कार्यरत गाउँपालिका तथा नगरपालिकामा प्रचलित कानून विपरित स्थानीय तहका कर्मचारीहरुको पदपूर्ति, बढुवा, स्तरबृद्धि लगायतका क्रियाकलापहरु हुन, गर्न नदिई यी महत्वपूर्ण कानूनी व्यवस्थालाई नगरपालिका प्रमुख वा गाउँपालिका अध्यक्षलाई सुसूचित गराउनु जिम्मेवारी समेत हुन जान्छ।

यदि कुनै स्थानीय तहहरुले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ उपदफा ४ को देहाय (क), (ख), (ग) (ङ) र (च) मा उल्लेखित कामहरु प्रदेश लोक सेवा आयोगको परामर्श नलिई भए गरेको भए प्रदेश लोक सेवा आयोग ऐनको दफा ५५ बमोजिम आयोगले बदर गर्न सक्ने व्यवस्था भएको हुँदा प्रचलित कानूनी व्यवस्थाको प्रतिकुल हुने गरी उपरोक्त कार्यहरु नगर्न नगराउन हुन सम्वन्धित सवैको जानकारीको लागि सुदुरपश्चिम प्रदेश भित्रका सवै पालिकाहरुलाई अनुरोध गरी पठाउने" भनि प्रदेश लोक सेवा आयोगको मिति २०७८/०५/३१ मा निर्णय भएको हुँदा सोही बमोजिम कार्यान्वयन गर्न गराउन हुन अनुरोध छ।

(दुर्गा दत्त विष्ट)
सचिव